# भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खलंगा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

### आ.व.२०७९/२०८० को लागि आन्तरीक आय तर्फको बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति:२०७९/०५/१५**

**स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ व्यवस्था** भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन अनुसार **ढुंगा, गिट्टी, बालुवा, रोडा तथा नदीजन्य पदार्थको उत्खनन, विक्री तथा निकासी शुल्क संकलन (खानी क्षेत्र बाहेक)** कार्यको ठेक्का वन्दोबस्तवाट गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका खोला/नदीहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पर्दाथ उत्खनन गरी **भेरी नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ४.९ मा उल्लेखित** प्रति ईकाइ दररेटमा विक्री गर्ने गरी वढावढको माध्यमबाट दरभाउ बोलपत्र आव्हान गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७७।०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही उक्त बोलपत्र पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र.न. | संकलन/उत्खन्न गरिने क्षेत्र | अधिकतम उत्खनन तथा विक्री परिणाम (घ.मि) | न्यूतम ठेक्का अंक रु. (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| **NCB/Riverbed/BM/01/2079/080RE** | **क्षेत्र १ (रिम्ना, पिपे, होलु खोला, कालेगाउ नाका)** | २७,६३१ ।- | ३०,३९,४१०/- | रु.:३,०००। | |
| NCB/Riverbed/BM/02/2079/080RE | क्षेत्र २ (पासा गाड, लामितरा, बारेला बारेला, खार खोला, राक्से नाका) | ९,७७८।- | १०,७५,५८० - | रु.:१०००। | |
| NCB/Riverbed/BM/03/2079/080RE | क्षेत्र ३ (भालु खोला, इम्लिचौर नाका/वडावालुवा नाका) | २२,२०४।- | २४,४२,४४०/- | रु.:३,०००। | |
| NCB/Riverbed/BM/04/2079/080RE | क्षेत्र ४ (खिड खोला, बुग्रेखोला, खोदा खोला, सिम्ले खोला नाका) | २०,४१५।- | २२,४५,६५०/- | रु.:३,०००। | |

**नोट :**

- यस सम्वन्धी विस्तृत विवरणका लागि नगरपालिकाको वइव साइट www.bherimun.gov.np र www.bolpatra.gov.np /egp मा हेर्न सकिनेछ अथवा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुपर्नेछ।

प्रमुख प्रशासकिय अधिकृत

अधिकृत छैठौं

Scanned with CamScanner